श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

फैसला

२०७९।०८० सालको निर्णय नं.२१३

पुनरावेदन नं. ०७७-RB-०४४८

पुनरावेदन दर्ता मितिः२०७७।१०।१२

मुद्दाः– आयकर (२०७१/०७२) ।

| | |
|---|---|
| झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं.२ स्थित सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.(स्थायी लेखा नं.३०१५६२४३२) का अधिकार प्राप्त दैलेख जिल्ला नारायण नगरपालिका वडा नं. ७ स्थायी घर भै हाल का.जि.का.म.न.पा.वडा नं. १० बानेश्वर काठमाडौं बस्ने वर्ष २४ को कृष्ण बहादुर श्रेष्ठ.........................................................................................१ | पुनरावेदक |

विरुद्ध

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..............................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ..........................................१ | प्रत्यर्थी |

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः २०७६/०३/२२

प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुँवर
निर्णय मितिः २०७७/०३/३०

## उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : ×
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री विकास बन्जारा

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।३० मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६(१) बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं राजस्व न्यायाधिकरण काठमाडौंको ठहर यसप्रकार रहेको छ ।

## तथ्य खण्ड

१. पुनरावेदक करदाता सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आर्थिक वर्ष २०७१/०७२ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रू. ८,११,६४,८४५।— करयोग्य आय देखाइ मिति २०७२।०९।२९ मा आय विवरण पेश गरेको।

२. करदाताको २०७१/०७२ पेश हुन आएको आय विवरण र सो साथ संलग्न कागजात, फांटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार विचार गर्दा आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नु पर्ने आय समावेश नभएको/कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७६।०२।३० मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०२।३० मा जारी भएको सूचना करदाताले मिति २०७६।०३।०२ मा बुझिलिई सोको जवाफ मिति २०७६।०३।१६ मा पेश गरेको देखियो ।

४. करदाताको आ.व २०७१।०७२ को लागि रू. ८,२१,१९,७३७।- करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६/०३/२२ मा भएको निर्णय ।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७६/०३/२२ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०५/२९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताको सामाजिक उत्तरदायित्व खर्च वापत रु.३,४४,८९२।— र मर्मत तथा सुधार खर्च वापत रु.६,०३,०७८।- आयकर ऐन, २०५८ को दफा १२क. र सोही ऐनको दफा १६ तथा दफा २१(१)(च) अनुसार खर्च कट्टी नदिने गरी शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने भनि आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।३० मा भएको निर्णय।

७. करदाताले खर्च कट्टी दावी गरिएको सामाजिक उत्तरदायित्व निर्वाह गरेको सामाजिक विकास खर्च रु.३,४४,८९२।— खर्च रकम ऐन र सहकारी ऐन बमोजिम खर्च गर्न र कट्टी गर्न पाउने सिमा भित्रकै रकम रहेको, समुदायकै लागि सामुदायिक खर्च भएको प्रमाणित रहेको त्यस्तो खर्चलाई मुनाफा आर्जनको उद्देश्यका व्यापारिक प्रतिष्ठानका रुपमा राखी संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गरी ऐनको दफा १३ बमोजिम खर्चलाई मान्यता दिनुपर्नेमा कर कार्यालयबाट त्यस्तो रकमलाई अमान्य गरी खर्च कट्टी नपाउने गरी कर निर्धारण गरेको र मर्मत खर्च तथा सुधार खर्चलाई व्यवसायिक प्रयोजनका लागि बहालमा लिएको घरको मर्मत संभार खर्च वापत रु.६,०३,०७८।— रकम दफा १३ बमोजिम दावी गर्न पाउने खर्चलाई समेत आयकर ऐन, २०५८ को दफा १६ तथा दफा २१(१)(च) बमोजिम खर्च कट्टी नपाउने गरी शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारण निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय अन्यायपूर्ण हुँदा बदर गरी पाँउ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताका तर्फबाट मिति २०७७।१०।१२ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०३।३१ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताको तर्फबाट सुनुवाइको लागि इजलास समक्ष कोही पनि उपस्थित भएको पाइएन।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जाराले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्वान सहायक न्यायाधिवक्ताले प्रस्तुत गर्नु भएको बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक करदाताले पुनरावेदन पत्रमा पहिलो जिकिर सामाजिक उत्तरदायित्व खर्च वापत गरेको रु.३,४४,८९२।—खर्चलाई अमान्य गरी गरेको निर्णय त्रुटिपूर्ण रहेको भन्ने जिकिर लिएको पाइन्छ।करदाता संस्थाले सहकारी मूल्य मान्यता र सिद्धान्तलाई पालना गरी सहकारी ऐन, २०७४ को दफा २३ मा भएको कानूनी व्यवस्था बमोजिम नै सामुदायिक विकास अन्तर्गतका कार्यहरुमा गरिएको खर्चहरु रहेको सो खर्च आयकर ऐन, २०५८ को दफा १२क. मा सम्पदा संरक्षण र खेलकुदमा गरेको विकास सम्बन्धी खर्च रहेको तर करदाताले दावी गरेको सामाजिक उत्तरदायित्व खर्च ऐनको दफा १३ अन्तर्गतको सामान्य खर्च भएको र सोही बमोजिम खर्च कट्टी गर्न पाउनुपर्ने भन्ने दावी देखिन्छ ।आयकर ऐन, २०५८ को दफा १२क. मा *"कुनै कम्पनीले कुनै आय वर्षमा विभागको पूर्व स्वीकृती लिई नेपालभित्र रहेका प्राचीन, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गर्ने वा खेलकुदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा गरेको खर्चमध्ये दश लाख रुपैयाँसम्मको रकम वा निर्धारणयोग्य आयको दश प्रतिशतले हुने रकममध्ये जुन घटी हुन्छ त्यस्तो रकम आफ्नो उक्त वर्षको करयोग्य आय गणना गर्दा घटाउन दावी गर्न सक्नेछ"* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ।यसरी करदाता संस्थाले पूर्व स्वीकृति लिएर मात्र सामाजिक उत्तरदायित्व

अन्तर्गत तोकिएको सिमामा रही खर्च कट्टी गर्नुपर्नेमा आयकर ऐन, २०५८ को दफा १३ बमोजिमको सामान्य खर्च भनी दावी गरेको भएतापनि उक्त खर्च व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएको मात्र सकिने आधार नदेखिएको र आयकर ऐन, २०५८ को दफा १२क. बमोजिम विभागको पूर्व स्वीकृति समेत लिएको नपाइएकोले कानूनी व्यवस्थाको परिपालना नगरी भएको उक्त खर्चले मान्यता पाउने देखिएन। त्यसैले उक्त खर्च कट्टी नपाउने गरी ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानून सम्मत नै देखिन आयो।

१३. त्यस्तै करदाताको अर्को पुनरावेदन जिकिर मर्मत सुधार खर्च वापत भाडामा लिएको घरमा गरिएको मर्मत सुधार खर्च रु.६,१०,०००।– कट्टी पाउनु पर्नेमा उक्त खर्च अमान्य गरी गरेको निर्णय त्रुटीपूर्ण रहेको भन्ने जिकिर लिएको देखियो। करदाता संस्थाले व्यवसायिक प्रयोजनको लागि घर बहालमा लिएको, घरको मर्मत संभारको खर्च ह्रासयोग्य सम्पत्तिमा नरहेको तर बहालमा लिई व्यवसायिक प्रयोजनको लागि लिएको घर बहाल सम्पत्तिको मर्मत वापतको खर्च आयकर ऐन, २०५८ को दफा १३ बमोजिम आय आर्जनमूलक कार्यमा सम्बन्धित व्यक्तिबाट सोही आ.व.मा गरिएको सामान्य खर्च रहेकोले खर्च कट्टी गर्न पाउनुपर्ने जिकिर लिएको पाइन्छ। आयकर ऐन, २०५८ को दफा १६ को उपदफा (१) मा "*कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीको आय गणना गर्दा सो व्यवसाय वा लगानीबाट आय आर्जन गर्न सो वर्षमा स्वामित्व भएको र प्रयोग गरिएको ह्रास योग्य सम्पत्तिको मर्मत वा सुधार गर्दा भएको सबै खर्चहरु कट्टी गर्न पाउनेछ*" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाताले मर्मत तथा सुधार खर्च दावी गर्न सो वर्षमा स्वामित्व भएको र प्रयोग गरिएको ह्रासयोग्य सम्पत्ति हुनुपर्नेमा संस्थाको आफ्नो स्वामित्वमा नरहेको तर प्रयोग गरेको भाडामा लिएको घर मर्मत सुधार गरेको भनी खर्च कट्टी गरेको देखियो। स्वामित्वमा नरहेको सम्पत्तिको मर्मत तथा सुधार खर्च लिएको त्यस्तो खर्चको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा १६(१) आकर्षित हुन र दफा १३ बमोजिम खर्च कट्टी दिन मिल्ने नदेखिंदा करदाताको यो शिर्षकको पुनरावेदन जिकिरसँग समेत सहमत हुन सकिएन।

१४. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट करदाता सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड (स्थायी लेखा नं.३०१५६२४३२) को आ.व.२०७१/०७२ को संशोधित कर निर्धारण गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७६।०३।२२ मा भएको आदेश र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।३० मा भएको निर्णय

समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

**तपसील खण्ड**

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः सनिता लामा
फैसला भएको मितिः२०७९।११।२३
फैसला प्रमाणीकरण गर्ने लेखा सदस्यः-
राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम ललितपुरको छाप